# राष्ट्रिय समाचार समिति

## केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौँ

## आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**प्रकाशन मिति : २०८३/०३/१२**

लोक सेवा आयोगबाट मिति २०८३/०३/०९ मा प्राप्त सहमति अनुसार यस समितिमा रिक्त रहेका देहायका पदहरू आ.प्र., खुला तथा समावेशी प्रतियोगिताबाट स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले राष्ट्रिय समाचार समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०८२ बमोजिम योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ। दरखास्त फाराम समितिको वेबसाइट www.rssnepal.org.np/publication बाट डाउनलोड गरी निर्दिष्ट स्थानमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो टाँस गरी दरखास्तसाथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरूको प्रतिलिपि एक/एकप्रति तयार गरी समितिको केन्द्रीय कार्यालय, भद्रकाली प्लाजामा बुझाउनु पर्नेछ। परीक्षा दस्तुर रकम राष्ट्रिय वाणिज्य बैंक, थापाथलीमा रहेको राष्ट्रिय समाचार समितिको चल्ती खाता नं. १४३०१००००२४७४००१ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ। दरखास्त बुझाउने अन्तिम दिन बिदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

| क.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | १/०८२-८३ | समाचारदाता/वरिष्ठ सम्पादक | ८ | रासस/समाचार | आ.प्र. | १ (एक) |
| २. | २/०८२-८३ | समाचारदाता/वरिष्ठ सम्पादक | ८ | रासस/समाचार | खुला | १ (एक) |
| ३. | ३/०८२-८३ | उपसमाचारदाता/उपसम्पादक | ६ | रासस/समाचार | आ.प्र. | १ (एक) |
| ४. | ४/०८२-८३ | उपसमाचारदाता/उपसम्पादक | ६ | रासस/समाचार | खुला | १ (एक) |
| ५. | ५/०८२-८३ | उपसमाचारदाता/उपसम्पादक | ६ | रासस/समाचार | महिला | १ (एक) |
| ६. | ६/०८२-८३ | उपसमाचारदाता/उपसम्पादक | ६ | रासस/समाचार | आ.ज. | १ (एक) |
| ७. | ७/०८२-८३ | अधिकृत | ६ | रासस/अर्थ तथा प्रशासन | आ.प्र. | १ (एक) |
| ८. | ८/०८२-८३ | अधिकृत | ६ | रासस/अर्थ तथा प्रशासन | आ.ज. | १ (एक) |
| ९. | ९/०८२-८३ | अधिकृत (कम्प्युटर) | ६ | रासस/प्राविधिक | महिला | १ (एक) |
| १०. | १०/०८२-८३ | वरिष्ठ सहायक | ५ | रासस/समाचार | आ.प्र. | १ (एक) |
| ११. | ११/०८२-८३ | सहायक | ४ | रासस/समाचार | खुला | ३ (तीन) |
| १२. | १२/०८२-८३ | सहायक | ४ | रासस/समाचार | महिला | १ (एक) |
| १३. | १३/०८२-८३ | सहायक | ४ | रासस/समाचार | मधेसी | १ (एक) |
| १४. | १४/०८२-८३ | सहायक | ४ | रासस/समाचार | दलित | १ (एक) |
| १५. | १५/०८२-८३ | सहायक | ४ | रासस/अर्थ तथा प्रशासन | खुला | २ (दुई) |
| १६. | १६/०८२-८३ | सहायक | ४ | रासस/अर्थ तथा प्रशासन | आ.ज. | १ (एक) |
| १७. | १७/०८२-८३ | सहायक | ४ | रासस/अर्थ तथा प्रशासन | मधेसी | १ (एक) |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** काठमाडौँ।

**दरखास्त बुझाउने स्थानः-** राष्ट्रिय समाचार समिति केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौँ।

**संलग्न गर्नुपर्ने कागजातहरू :-** उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाणपत्रका साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजातको प्रतिलिपि संलग्न गर्नुपर्नेछ। दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा सोका साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपिसमेत अनिवार्य पेश गर्नुपर्नेछ। अनुभव आवश्यक पर्ने पदहरूका लागि दरखास्त फाराममा अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८३/०३/३२ र दोब्बर दस्तुर तिरी २०८३/०४/०७ सम्म बुझाउन सकिनेछ।

**उम्मेदवारको उमेरको हदः-**

- आठौँ तहका पदहरूको हकमा २०८३/०३/३२ सम्म २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको।
- छैटौँ तहका पदहरूको हकमा २०८३/०३/३२ सम्म २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
- पाचौँ र चौथो तहका पदहरूको हकमा २०८३/०३/३२ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
- रासस सेवाका बहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

**तलब तथा सेवा, सुविधाः-** समितिको नियम अनुसार।

**लिखित परीक्षा मितिः-** लोक सेवा आयोगबाट निर्धारण भए पश्चात् जानकारी गराइनेछ।

**परीक्षा दस्तुरः-** प्रत्येक विज्ञापनका लागि देहायअनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ। समावेशी समूहतर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि थप दस्तुर बुझाउनु पर्नेछ।

| तह | परीक्षा दस्तुर | प्रत्येक थप समावेशी समूहका लागि थप दस्तुर |
|---|---|---|
| ६ र ८ | रु. १,२००।- (एक हजार दुई सय) | रु. ६,००।- (छ सय) |
| ४ र ५ | रु. ६,००।- (छ सय) | रु. ३,००।- (तीन सय) |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः** सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता:**

***(क) आन्तरिक प्रतियोगिता तर्फ***

राष्ट्रिय समाचार समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०८२ को विनियम ६१ बमोजिम अधिकृतस्तरको पदको हकमा बढुवा हुने पदभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूहको पदमा ४ (चार) वर्ष स्थायी सेवा अवधि पूरा गरेको र सहायकस्तरको पदको हकमा बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा ३ (तीन) वर्ष स्थायी सेवा अवधि पूरा गरेको साथै बढुवा हुने पदभन्दा एक तह मुनिको पदको खुला तर्फका लागि निर्धारित न्यूनतम शैक्षिक हासिल गरेको हुनुपर्नेछ ।

***(ख) खुला प्रतियोगितातर्फ***

राष्ट्रिय समाचार समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०८२ को विनियम १९ बमोजिम अयोग्य नभई देहायबमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

१. **रासस सेवा, समाचार समूह, तह ८ का लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार र पत्रकारिता विषयमा वा कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थामा पाँच वर्षको समाचार सङ्कलन तथा सम्पादन सम्बन्धी काम गरेको अनुभव हासिल गरेको । तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा कार्य अनुभवमा दुई वर्ष कम भए पनि हुनेछ ।

२. **रासस सेवा, समाचार समूह, तह ६ का लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार र पत्रकारिता विषयमा स्नातक तह उत्तीर्ण गरेको वा कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थामा तीन वर्षको समाचार सङ्कलन तथा सम्पादन सम्बन्धी काम गरेको अनुभव हासिल गरेको ।

३. **रासस सेवा, अर्थ तथा प्रशासन समूह, तह ६ का लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

४. **रासस सेवा, प्राविधिक समूह (कम्प्युटर), तह ६ का लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर इञ्जिनियरिङ्ग वा कम्प्युटर विज्ञान वा सूचना प्रविधि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

५. **रासस सेवा, समाचार समूह, तह ४ का लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार र पत्रकारिता विषय सहित प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) उत्तीर्ण वा कक्षा १२ (एस.एल.सी.ई.) वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त सञ्चार संस्थाबाट पत्रकारिता सम्बन्धी कम्तीमा २ वर्षको समाचार सङ्कलन तथा सम्पादनसम्बन्धी काम गरेको अनुभव हासिल गरेको ।

६. **रासस सेवा, अर्थ तथा प्रशासन समूह, तह ४ का लागि :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ (एस.एल.सी.ई.) वा सो सरह उत्तीर्ण गरेको ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कलसहित आफैँले प्रमाणित गरेको नक्कलसमेत साथमा लिई आउनु पर्नेछ ।

**(क) मधेसीका हकमा:** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

**(ख) आदिवासी जनजातिका हकमा:** नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरेको कागजात ।

**(ग) दलितका हकमा:** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,
तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

**(घ) अपाङ्गका हकमा:** समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

**द्रष्टव्य**

१. अप्राविधिक तर्फका चौथो तहमा दरखास्त दिने उम्मेदवारहरूले लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ मा संगठित संस्थाहरूको अप्राविधिक तर्फका सहायकस्तरका द्वितीय श्रेणी वा सो सरहका पदका लागि सञ्चालित पूर्व योग्यता परीक्षा उत्तीर्ण गरेको प्रमाण पत्रको प्रतिलिपि आवेदन साथ संलग्न गर्नुपर्नेछ ।
२. दरखास्त दिने उम्मेदवार राष्ट्रिय समाचार समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०८२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
३. प्रत्येक सेवा/समूह अन्तर्गत खुला तथा समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङमा लिइनेछ ।
४. समावेशी समूहभित्र फाराम भर्ने उम्मेदवारहरूले विज्ञापनअनुसारका प्रत्येक समूहका लागि दरखास्त फारामको पहिलो पाना छुट्टाछुट्टै भर्नुपर्नेछ साथै उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरूको विवरण निर्धारित ढाँचामा अनिवार्य रूपले खुलाउनु पर्नेछ तर रोल नम्बर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ । आवश्यक विवरण नखुलाउने उम्मेदवारलाई परीक्षामा समावेश गराइने छैन ।
५. एकभन्दा बढी समूहमा फाराम पर्ने उम्मेदवारहरूले आफूले पेश गर्ने आवश्यक प्रमाणहरूको प्रत्येकको १/१ प्रति मात्र बुझाए पुग्नेछ ।
६. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा सम्बन्धित पदका लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
७. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन ।
८. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
९. समितिमा कार्यरत कर्मचारीहरू समान तहको पदमा उम्मेदवार हुन पाइने छैन ।
१०. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।
११. कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।
१२. परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
१३. विज्ञापित पदहरूको पाठ्यक्रम समितिको वेबसाइट www.rssnepal.org.np/publication बाट प्राप्त गर्न सकिनेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# राष्ट्रिय समाचार समिति
## केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं
## कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवासम्बन्धी सूचना
**प्रकाशन मिति : २०८३/०३/१२**

समितिमा रिक्त रहेको देहायका पदहरूमा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र राष्ट्रिय समाचार समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०८२ बमोजिम योग्यता पूरा गरेका कर्मचारीले आफ्नो शैक्षिक योग्यता, आफूले काम गरेको सेवा अवधि तथा अन्य विवरण खुलाई तोकिएको ढाँचामा दरखास्त दिनका लागि सूचित गरिन्छ । दरखास्त फाराम समितिको वेबसाइट www.rssnepal.org.np/publication बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

| क.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/०८२-८३ | नायब महाप्रबन्धक | ११ | रासस/समाचार | २ (दुई) |
| २. | २/०८२-८३ | नायब महाप्रबन्धक | ११ | रासस/अर्थ तथा प्रशासन | १ (एक) |
| ३. | ३/०८२-८३ | वरिष्ठ समाचारदाता/कार्यकारी सम्पादक | ९ | रासस/समाचार | ३ (तीन) |
| ४. | ४/०८२-८३ | समाचारदाता/वरिष्ठ सम्पादक | ८ | रासस/समाचार | ४ (चार) |
| ५. | ५/०८२-८३ | उपनिर्देशक | ८ | रासस/अर्थ तथा प्रशासन | १ (एक) |
| ६. | ६/०८२-८३ | उपनिर्देशक | ८ | रासस/प्राविधिक | १ (एक) |
| ७. | ७/०८२-८३ | सहसमाचारदाता/सहसम्पादक | ७ | रासस/समाचार | ३ (तीन) |
| ८. | ८/०८२-८३ | वरिष्ठ अधिकृत | ७ | रासस/अर्थ तथा प्रशासन | १ (एक) |
| ९. | ९/०८२-८३ | वरिष्ठ अधिकृत (कम्प्युटर) | ७ | रासस/प्राविधिक | १ (एक) |
| १०. | १०/०८२-८३ | उपसमाचारदाता/उपसम्पादक | ६ | रासस/समाचार | १ (एक) |
| ११. | ११/०८२-८३ | वरिष्ठ सहायक | ५ | रासस/समाचार | ४ (चार) |

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू:**

(क) राष्ट्रिय समाचार समिति कर्मचारी सेवा, शर्त विनियमावली, २०८२ को विनियम ६३ बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा विनियम ६१ बमोजिम तोकिएको सेवा अवधि पूरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ । महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा एक वर्ष कम सेवा अवधि भए पनि बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछन् ।

(ग) उम्मेदवारको कार्यसम्पादन वापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भएबमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ ।

(च) दरखास्त दस्तुर अधिकृतस्तर (तह ६, ७, ८, ९ र ११) का लागि रु. १,२००।- (एक हजार दुई सय) तथा सहायकस्तर (तह ५) का लागि रु. ६००।- (छ सय) बुझाउनु पर्नेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**